**क्याबिनेट**

## नागरिक सेवा क्षमता विकासका लागि राष्ट्रिय कार्यक्रम (National Programme for Civil Services Capacity Building)-'मिसन कर्मयोगी' क्याबिनेटबाट स्वीकृत

**नागरिक सेवा क्षमता विकासका लागि नयाँ राष्ट्रिय मोडल**

**दक्ष सार्वजनिक सेवा वितरणको लागि व्यक्तिगत, संस्थागत र प्रक्रिया स्तरमा क्षमता विकास उपकरणको बृहत्तर सुधार**

**प्रधानमन्त्रीको नेतृत्वमा मानव संसाधन व्यवस्थापन परिषद्ले नागरिक सेवा क्षमता विकास योजनाहरुको अनुमोदन तथा अनुगमन गर्ने**

**क्षमता विकास आयोगले प्रशिक्षण मापदण्डमा सहकार्य गर्ने, साझा संकाय र स्रोतहरुको सिर्जना गर्ने र सबै केन्द्रिय प्रशिक्षण संस्थानहरुमा निरीक्षकणात्मक भूमिका निर्वाह गर्ने**

**पूर्ण स्वामित्वको SPV ले online learning platform को स्वामित्व एवम् सञ्चालन गर्ने र world-class learning content market-place मा सहजीकरण गर्ने**

प्रधानमन्त्री नरेन्द्र मोदीज्यूको अध्यक्षतामा बसेको केन्द्रिय मन्त्रीमण्डलले नागरिक सेवा क्षमता विकासका लागि निम्न संस्थागत ढाँचासहितको राष्ट्रिय कार्यक्रम शुभारम्भ गर्न स्वीकृत दिएको छ :-

१. प्रधानमन्त्रीको सार्वजनिक मानव संसाधन परिषद्

२. क्षमता विकास आयोग

३. अनलाइन प्रशिक्षणका लागि प्राविधिक प्लेटफर्म तथा डिजिटल सामग्रीको स्वामित्व एवम् सञ्चालनको प्रयोजनका लागि Special Purpose Vehicle (SPV)

४.क्याबिनेट सचिवको नेतृत्वमा रहेको समन्वय इकाई

### मुख्य विशेषताहरु

विश्वभरीका उत्कृष्ट संस्था तथा अभ्यासहरुबाट ज्ञान हासिल गर्दै गर्दा आफ्नो पहिचानबाट ओझेल नपरुन् र सदैव भारतीय संस्कृति र संवेदनशीलतामा समाहित हुन सकून् भनी निजामती कमचारीको क्षमता विकास हेतु जग बसाल्न NPCSCB लाई निकै ध्यानपूर्वक डिजाइन गरिएको छ । एकीकृत सरकारी अनलाइन प्रशिक्षण अर्थात Integrated Government Online Training-iGOT Karmayogi Platform को स्थापना गर्दै कार्यक्रम सबै सम्मुख पुऱ्याइनेछ । कार्यक्रमका प्रमुख मार्गदर्शक सिद्धान्तहरु यस प्रकारका छन् :

१. नियममा आधारित मानव संसाधन व्यवस्थापनलाई भूमिकामा आधारित मानव संसाधन व्यवस्थापनमा परिवर्तन गर्न सहयोग गर्ने । निजामती कर्मचारीहरुको दक्षतालाई पदको आवश्यकतासँग जाँच्दै उनीहरुको कार्य विनियोजन गर्ने ।

२. 'Off-site learning' लाई पूर्णता दिन 'On-site learning मा जोड दिने

३. सिकाई सामग्री, संस्था र कर्मचारी सहितको साझा प्रशिक्षण पूर्वाधारको एउटा संयन्त्र निर्माण गर्ने

४. भूमिका, क्रियाकलाप र दक्षताको ढाँचा (Frameworks of Roles, Activities and Competencies) मा सबै नागरिक सेवा पदलाई मापन गर्ने र प्रत्येक सरकारी इकाइमा पहिचान भएका FRACs सँग सान्दर्भिक सिकाई सामग्री निर्माण एवम् प्रस्तुत गर्ने

५.निजामती कर्मचारीहरुको स्वभाव तथा कार्य दक्षतालाई निरन्तर निर्माण तथा सुदृढीकरण गर्ने अवसर सबै निजामती कर्मचारीको लागि उपलब्ध गराउने

६. सह-निर्माणमा सबै केन्द्रिय मन्त्रालय र विभाग एवम् उनीहरुको संगठनहरुलाई आफ्ना स्रोतहरु प्रत्यक्ष लगानी गर्न सक्षम बनाउने र प्रत्येक कर्मचारीको लागि वार्षिक वित्तीय सदस्यतामार्फत सिकाइको सहयोगी तथा साझा संयन्त्र आदान प्रदान गर्ने

७. सार्वजनिक प्रशिक्षण संस्था, विश्वविद्यालय, स्टार्ट-टिप्स र व्यक्तिगत विज्ञहरु सहित उत्तम सिकाई सामग्री सिर्जनाकर्ताहरुसँग साझेदारी गर्ने, प्रोत्साहन गर्ने

८. क्षमता विकास, सामग्री निर्माण, प्रयोगकर्ताको प्रतिक्रिया तथा योग्यताको चित्रण जस्ता विविध पक्षहरुसँग सम्बन्धित, iGOT Karmayogi द्वारा प्रदान गरिएको 'data emit' को 'data analytics' गर्ने र नीति सुधारका लागि क्षेत्रहरुको पहिचान गर्ने

**उद्देश्य**

आपसी सहयोग तथा सहकार्यमा आधारित क्षमता विकास प्रणालीको व्यवस्थापन तथा सञ्चालनमा एक समान दृष्टिकोण सुनिश्चित गर्न क्षमता विकास आयोगको पनि स्थापना गर्ने प्रस्ताव गरिएको छ ।

आयोगको भूमिका यस प्रकार हुनेछ :-

१. वार्षिक क्षमता विकास योजनाहरुको अनुमोदनमा प्रधानमन्त्री सार्वजनिक मानव संसाधन परिषद्लाई सहयोग पुऱ्याउने

२. निजामती सेवा क्षमता विकासमा काम गर्ने सबै केन्द्रिय प्रशिक्षण संस्थाहरुमा कार्यात्मक पर्यवेक्षण अभ्यास गर्ने

३. आन्तरिक र बाह्य संकाय र स्रोत केन्द्र लगायत साझा सिकाई स्रोतहरूको सिर्जना गर्ने

४. सरोकारवाला विभागहरूसँग क्षमता निर्माण योजनाहरूको कार्यान्वयनको समन्वय र सुपरिवेक्षण गर्ने

५. प्रशिक्षण तथा क्षमता विकास, सिकाई विधि र पद्धतिको मानकीकरणमा सिफारिस गर्ने

६. सबै नागरिक सेवाहरूमा साझा मध्य-पेशा प्रशिक्षण कार्यक्रमहरूको लागि मानकहरू निर्धारण गर्ने

७. सरकारलाई मानवस्रोत व्यवस्थापन तथा क्षमता अभिवृद्धिको क्षेत्रमा आवश्यक पर्ने नीतिगत सुझाव दिने

भारतमा रहेका दुई करोड भन्दा बढी कर्मचारीको क्षमता अभिवृद्धि गर्नका निमित्त iGOT-Karmayogi ले नवीनतम पूर्वाधारहरुको सबै मापकहरुको प्रयोग गर्नेछ । यो प्लेटफर्म विषयवस्तुको लागि उर्वर एवम् विश्वस्तरीय केन्द्रको रुपमा विकसित हुने अपेक्षा गरिएको छ जहाँ डिजिटल इलेक्ट्रोनिक सिकाइका सामग्रीहरु प्रचुर मात्रामा उपलब्ध हुनेछन् । क्षमता अभिवृद्धिको अलावा सेवा सम्बन्धित विषयहरु जस्तै परीक्षणकाल पछिको नियुक्ति, काजमा खटिने, कार्यभार, दरबन्दीबारे जानकारी जस्ता विषयहरुलाई पनि अन्ततः प्रस्तावित सक्षमता ढाँचामा समायोजन गरिनेछ ।

मिसन कर्मयोगीको लक्ष्य भारतीय निजामती कर्मचारीलाई थप सृजनशील, रचनात्मक, कल्पनाशील, प्रगतिशील, व्यवसायिक, उर्जावान, सक्षम, पारदर्शी र प्रविधि जडित बनाउँदै भविष्यको लागि तयार गर्नु हो । विशिष्ट भूमिकामा सक्षम निजामती कर्मचारीहरुले गुणस्तरीय सेवा प्रदान गर्नेछन् ।

## वित्तीय संलग्नता

४६ लाख केन्द्रीय कर्मचारीका लागि २०२०-२१ देखि २०२४-२५ अर्थात् पाँच वर्षको अवधिमा भारु ५१०.८६ करोड खर्च गरिनेछ । यस खर्चको आंशिक शोधभर्ना करिब ५० मिलियन अमेरिकी डलर बराबरको बहुपक्षीय सहयोगबाट गरिनेछ । NPCSCB का लागि कम्पनी ऐन, २०१३ को दफा ८ बमोजिम पूर्ण स्वामित्वको Special Purpose Vehicle (SPV) स्थापना गरिनेछ । यस गैर नाफामूलक कम्पनीले iGOT-Karmayogi को स्वामित्व लिई यसको व्यवस्थापन गर्नेछ । SPV ले विषयवस्तु र त्यस सम्बन्धी केन्द्र तथा बजारको सिर्जना र व्यवस्थापन गर्दै iGOT-Karmayogi का प्रमुख विषयगत सेवाहरुलाई व्यवस्थापन गर्नेछ । SPV ले भारत सरकारको तर्फबाट सबै बौद्धिक सम्पत्ति अधिकारको स्वामित्व लिनेछ । प्रयोगकर्ताको कार्य मुल्यांकनका लागि उपयुक्त अनुगमन तथा मुल्यांकन ढाँचालाई पनि अघि सारिनेछ ।

## पृष्ठभूमि

निजामती कर्मचारीको क्षमताले विविध सेवाको सञ्चालन र प्रतिपादन, कल्याणकारी कार्यक्रमको कार्यान्वयन र विशुद्ध सरकारी कार्य सञ्चालनमा अहम भूमिका खेलेको हुन्छ । निजामती कर्मचारीको क्षमताको रुपान्तरीत परिवर्तनले काम गर्ने संस्कृतिलाई रुपान्तरण गर्नुका साथै सार्वजनिक संस्थाहरुलाई सुदृढ बनाउन मद्दत गर्छ । यसले नागरिकलाई कुशल तवरले सेवा प्रदान गर्न सघाउ पुऱ्याउछ ।

केन्द्रिय मन्त्री, मुख्य मन्त्री, मानव संसाधनसँग सम्बद्ध प्रबुद्ध व्यक्ति, विचारक, र माननीय प्रधानमन्त्रीको अध्यक्षता अन्तर्गतका सार्वजनिक सेवाका निकायहरु सम्मिलित सार्वजनिक मानव संसाधन परिषदले निजामती सेवा सुधार एवम् क्षमता अभिवृद्धिका लागि रणनैतिक निर्देशन दिने शीर्ष निकायको रुपमा रहनेछ ।